म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १२६ शनिबार ३० मंसिर २०८० ने. सं. ११४४ थिल्लाथ्व 16 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## जुनेटीक रोगसम्बन्धी सचेतना कार्यक्रम

हेटौंडा, २९ मंसिर/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौंडाको आयोजनामा जुनेटीक रोग नियन्त्रणका लागि वन हेल्थ अप्रोचसम्वन्धी सचेतना कार्यक्रम भएको छ । मान्छेबाट पशुपन्छीमा र पशुपन्छीबाट मान्छेमा सर्ने यो रोग नियन्त्रणका लागि सबै क्षेत्रबाट लाग्नका लागि कार्यक्रमका सहभागीहरुले सुझाब दिएका छन् । पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक डाक्टर गौरीमान श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका भरत बिडारी, कृषि विकास निर्देशनालय हेटौंडाका प्रमुख सुधिर श्रेष्ठ, स्वास्थ्य निर्देशनालय हेटौंडाका निमित्त निर्देशक डाक्टर नविन दर्नाल, भेटेनरी अस्पताल तथा पशुसेवा बिज्ञकेन्द्र चितवनका शुशील केसी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा यस रोगका बिषयमा पशुपन्छी निर्देशनालयका डाक्टर सविना मिश्रले प्रस्तुतीकरण गरेकी थिइन् ।

जिल्ला सम्मेलनको तयारी पूरा

# कांग्रेस मकवानपुरले राजनीतिसँगै सामाजिक रुपान्तरण थाल्ने

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ नेपाली कांग्रेस मकवानपुरले राजनीतिसँगै सामाजिक रुपान्तरणको अभियान पनि चलाउने भएको छ ।

आगामी ३ पुसमा हेटौंडामा जिल्ला सम्मेलनको आयोजना गरेर राजनीतिक गतिविधिसँगै सामाजिक रुपान्तरणमा जुट्ने गरी आन्तरिक रुप रेखा तयार गर्ने जनाइएको छ । जिल्ला सम्मेलनको तयारी बारे जानकारी दिन शुक्रबार आयोजित पत्रकार सम्मेलनमा कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले पार्टीले राजनीतिक गतिविधिसँगै सामाजिक क्षेत्रमा सहभागी भएर काम गर्ने प्रतिबद्धता जनाएका हुन् । लामाले राजनीतिक पार्टीहरुले सामाजिक काम छोडेर राजनीति मात्रै गरिरहेकोप्रति चित्त नबुझेको बताएका थिए ।

'पार्टीहरुले पछिल्लो समय सामाजिक क्षेत्रमा ध्यान दिन छोडेको छ । पार्टीहरुले राजनीतिसँगै सामाजिक रुपान्तरणको क्षेत्रमा पनि काम गर्नुपर्छ । जिल्ला सम्मेलनले सामाजिक रुपान्तरण अभियान बारे एउटा रुप रेखा तयार गर्नेछ ।' लामाले भने, 'जिल्ला सम्मेलनमा पार्टीको आन्तरिक गतिविधिको मुल्यांकन गर्दै आगामी रुप रेखा पनि तयार गर्ने योजना छ ।', उनले मकवानपुरमा रहेको १ सय २ वटै वडा समिति, गाउँपालिका समिति, प्रतिनिधिसभा र प्रदेश निर्वाचन क्षेत्र समितिलाई सक्रिय बनाउने सम्मेलनको लक्ष्य रहेको बताए ।

सम्मेलनबाट पार्टीभित्र देखिएको आन्तरिक द्वन्द्वको व्यवस्थापन बारे पत्रकारहरुको प्रश्नमा सभापति लामाले हाल समस्या नभएको बताए । पार्टीभित्रको आन्तरिक द्वन्द्व भएको गुनासो रहेता पनि गुनासो, असन्तुष्टि देखिनु स्वाभाविक भएको र यसलाई मिलाउँदै जानुपर्ने उनको भनाई थियो । पार्टीमा एकता ल्याउन प्रयास सबैले गर्नुपर्ने र मकवानपुरमा पार्टी सही ढंगले अगाडि बढेको उनको दाबी थियो ।



कांग्रेसका प्रवक्ता एवं अर्थमन्त्री डा. प्रकाशशरण महतको प्रमुख आतिथ्यतामा सम्मेलन हुने कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले जानकारी दिए । उनका अनुसार सम्मेलनमा पार्टीका शीर्ष नेता, सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना', बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँलगायत अन्य जिल्लाका पार्टी सभापतिहरुको पनि उपस्थिति रहने जनाइएको छ । जिल्ला सम्मेलनमा १ सय २ वडा, १० पालिका, ६ प्रदेश र संघीय निर्वाचन क्षेत्र समिति र जिल्ला कार्य समिति गरी १ सय १९ वटा संरचनाबाट २ हजार जना प्रतिनिधि सहभागी हुने कांग्रेस मकवानपुरका सचिव भिमसेन महतले जानकारी दिए ।

सम्मेलनमा जिल्लाको संगठानात्मक अवस्था, वार्षिक प्रगति, राजनीतिक सिद्धान्त र विचारका विषयमा केन्द्रित रहेर छलफल तथा बहस हुनेछ । जिल्ला सचिवद्वय भिमसेन महत र इश्वर पाठक, प्रवक्ता चौलागाईंलगायतले प्रतिवेदन प्रस्तुत गर्नेछन् । सम्मेलनले कांग्रेसको आगामी कार्ययोजना, रणनीति र एजेण्डाका विषयमा छलफल गरी मार्ग निर्देशन गर्ने तयारी छ । सम्मेलनमा पार्टी संगठनभित्र देखिएका कमीकमजोरी, समस्याका विषयमा छलफल गरेर हल गर्ने प्रयत्न हुने सचिव महतले बताए ।

सम्मेलनलाई फरक बनाउन र पार्टीलाई आर्थिक सामाजिक रुपमा जोड्न फरक शैलीबाट छलफल र बहसहरु गरिने उनले बताए । सम्मेलनमा मकवानपुरको आर्थिक सामाजिक रुपान्तरणका विषयलाई जोड्न जिल्लाका १० वटै पालिकाका कृषि, पर्यटन तथा समाज रुपान्तरणका विषयमा प्रस्तुति तथा बहस गरिने उनको भनाई छ । पार्टीले थाहा नगरपालिकालाई पर्यटन र कृषि क्षेत्रमा जोड दिने गरी अभियान चलाउने एजेण्डा जिल्ला सम्मेलनमा लैजाने भएको छ ।

सम्मेलनका लागि पार्टीले आन्तरिक कार्यविभाजन गरेको छ । सम्मेलनको तयारीका लागि सभापति लामाको संयोजकत्वमा मूल समारोह समिति गठन गरिएको छ । सचिव भिमसेन महतलाई प्रतिवेदन लेखन उपसमितिको संयोजक, उपसभापति आनन्द कठायतलाई स्वागत समितिको संयोजक, सहसचिव इन्दिरा न्यौपानेलाई आर्थिक व्यवस्थापन उपसमिति संयोजक, प्रवक्ता अर्जुन चौलागाईंलाई प्रचारप्रसार उपसमितिको संयोजक तोकेर तयारी अघि बढाइएको जानकारी दिइएको छ ।

सम्मेलनमा १५ लाख रुपैयाँ खर्च लाग्ने उनले बताए । सम्मेलनको खर्च व्यवस्थापनका लागि सहभागी प्रतिनिधिहरुबाट जनही २०० रुपैयाँ, जिल्ला पदाधिकारी र सदस्यहरुबाट एक हजार रुपैयाँ र महासमिति सदस्यहरुबाट एक हजार र १ हजार ५०० रुपैयाँका दरले शुल्क उठाउने निर्णय भएको सभापति लामाले जानकारी दिए । सम्मेलनको खर्च व्यवस्थापनका लागि पार्टीका विभिन्न तहमा रहेका व्यक्तिहरुबाट सहयोग संकलन गरिने उनको भनाई छ । प्रतिनिधिहरुलाई आवाससहितको सुविधा रहेको जनाइएको छ ।

### एकमहिने समुदायमा कांग्रेस अभियान

कांग्रेसले एकमहिने समुदायमा कांग्रेस अभियान सञ्चालन गर्ने भएको छ । शुक्रबार बसेको कांग्रेस कार्यसम्पादन समितिको बैठकले एकमहिने अभियान सञ्चालन गर्ने निर्णय गरेको हो ।

देशका ७५३ वटै स्थानीय तहका ६७४३ वडामा यो अभियान सञ्चालन गरिने कांग्रेसले जनाएको छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले मध्य पहाडी लोकमार्ग यात्रा चलाएको करिब दुई महिनापछि कांग्रेस पनि समुदायमा पुग्ने भएको हो । पुस १६ देखि माघ १६ सम्म वडातहसम्म पार्टी प्रतिनिधि परिचालन गरी समुदायमा कांग्रेस अभियान चलाउने कांग्रेसको निर्णय छ । यसका लागि केन्द्रीय कार्यसमितिको तर्फबाट ७७ वटै जिल्लामा प्रतिनिधि खटाइने कांग्रेसले जनाएको छ ।

# रातोमाटेबाट ४ सय ८० ग्राम सुनसहित दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले ४ सय ८० ग्राम सुनसहित दुई जनालाई पक्राउ गरेको छ ।

शुक्रबार प्रहरीले मकवानपुर हेटौंडा उपमहानगर पालिका-१५ स्थित रातोमाटेबाट भारत अमृतसार पञ्जाव बस्ने ३४ बर्षीय तर्सिम सिंह र धनुषा सबेला नगरपालिका-२ बस्ने ३९ बर्षीय हितेशकुमार साहलाई ४ सय ८० ग्राम ८३ मिलिग्राम सुन सहित नियन्त्रणमा लिएको हो ।

काठमाडौंबाट बीरगञ्जतर्फ जाँदै गरेको ना ५ ख ६२१७ नम्बरको बसमा सवार सिंहको साथबाट ७४ हजार ५ सय २३ रुपैयाँ बराबरको सुनको सिक्री २ थाान (सुन खाद कट्टी कटाएर ७ ग्राम २६८ मि.ग्राम), २ लाख ३२ हजार १ सय ४३ रुपैयाँ बराबरको बेरिएको बाला



१ थान र स-सना २ थान (२२ ग्राम ६४० मिलिग्राम) गरी जम्मा ३ लाख ६ हजार ६ सय ६६ रुपैयाँको सुन बरामद गरिएको मकवानपुर प्रहरीले जनाएको छ ।

यसैगरी बागमती प्रदेश ०३-००१ ख १७२७ नम्बरको बसमा सवार साहको साथबाट ४६ लाख १५ हजार ९ सय ५९ रुपैयाँ बराबरको सुनको ब्रास्लेट ९ थान (४५० ग्राम १७५ मिलिग्राम) सुन बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

उनीहरुको साथबाट ४९ लाख २२ हजार ६ सय २५ रुपैयाँ बराबरको ४ सय ८० ग्राम ०८३ मिलिग्रामको सुन बरामद गरिएको प्रहरीले जनाएको छ । बराबरको अबैध सुनसहित सिंह र साहलाई नियन्त्रणमा लिई आवश्यक कार बाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारा पठाइएको मकवानपुर प्रहरीले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


मेला हेर्न
बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०
हेटौंडा आऔं
पौष ५ गते देखि पौष १७ गतेसम्म
हेटौंडा-१०, टीसीएन चौर
स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१
मुख्य आकर्षणहरू :
-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्धारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत .घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,
दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित
प्रवेश शुल्क
विद्यार्थी :रू ५०
सर्वसाधारण : रू७०
मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा
आयोजक
औद्योगिक शान्ति नेपाल संस्था



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# एआईको खतरनाक अवतार, महिलाका तस्वीरबाट कपडा हटाउँदै



विभिन्न गलत कामहरुमा समेत आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग सुरु भएको छ । ग्राफिका नामक एक सोसल नेटवर्क विश्लेषण कम्पनीले यसको खुलासा गरेको छ । कम्पनीले तयार पारेको रिपोर्ट अनुसार आर्टिफिसियल इन्टेलिजेन्सका माध्यमबाट महिलाहरुका नग्न तस्वीर तयार पार्ने एप तथा वेबसाइटहरुको लोकप्रियता तीव्र रुपमा बढिरहेको छ ।

ग्राफिकाका अनुसार गत सेप्टेम्बर महिनामा २ करोड ४० लाख प्रयोगकर्ताले यस्ताखाले वेबसाइटहरु हेरेका छन् । त्यसमध्ये अधिकांशमा निर्वस्त्र पार्ने सर्भिसको मार्केटिङका लागि लोकप्रिय सोसल मिडिया नेटवर्कहरुको प्रयोग भैरहेको छ । यो वर्षको सुरुवातदेखि अहिलेसम्म सोसल मिडिया प्लाटफर्ममा यस्ता प्रकारका विज्ञापनहरुमा २४ सय प्रतिशतको वृद्धि देखिएको छ ।

सोसल मिडिया प्लाटफर्महरु रेडिट तथा एक्समा समेत त्यसको प्रचार भैरहेको छ । निर्वस्त्र तस्वीर तयार पार्ने त्यस्ता एप तथा वेबसाइटहरुले एआईको प्रयोग गरेर तस्वीरलाई पुनर्सिर्जना गर्दछन् । जसमा तस्वीरमा रहेको व्यक्तिका कपडाहरु हटाइन्छ । तीमध्ये अधिकांश सर्भिसहरुले केवल महिलाहरुको तस्वीरमा मात्रै काम गर्दछन् ।

यी एपको सहयोगमा कसैको अश्लील तस्वीर तथा भिडियोहरु तयार पारेर त्यसलाई प्लाटफर्महरुमा वितरण गर्न सकिन्छ । यी एपहरुले एआईको सहयोगमा कुनै पनि व्यक्तिको आपत्तिजनक भिडियो तयार पार्न सक्दछन् ।

सजिलो भाषामा भन्नुपर्दा यसको प्रयोग 'डिपफेक पोनोग्राफी'मा गरिन्छ । यस्ता खालका भिडियोहरु सिर्जना गर्नका लागि सोसल मिडिया प्लाटफर्महरुबाट समेत तस्वीरहरु तानेर त्यसलाई गलत तरिकाले प्रयोग गर्न सकिन्छ ।

सोसल मिडिया प्लाटफर्म एक्समा एउटा यस्तै तस्वीर पोस्ट गरी त्यसको प्रचार गरिएको छ । कपडा खोलिदिने अर्थात् अनड्रेसिङ एपको प्रयोग गरेर यस्तो तस्वीर तयार गर्न सकिने त्यसमा उल्लेख छ । एउटा एपले गुगलको युट्युबमा प्रायोजित सामग्रीका लागि शुल्क तिरेको छ र लगमषथ शव्द सर्च गर्दा सुरुमा त्यही नै देखिन्छ ।


यस विषयमा गुगलका एकजना प्रवक्ताले भनेका छन् कि कम्पनीले यस्ता खालका विज्ञापनलाई अनुमति दिँदैन जसमा स्पष्ट रुपमा यौनिक सामग्रीहरु सामेल हुन्छन् ।

तस्वीरका कपडा खोलिदिने एपको विज्ञापनका विषयमा बोल्दै उनले कम्पनीले त्यस्ता एपको समीक्षा गरेको र कम्पनीको नीति उल्लंघन गर्ने विज्ञापनहरु हटाउन थालिएको बताए । एक्स र रेडिटले भने यो विषयमा कुनै प्रतिक्रिया दिएका छैनन् ।

स्मरण रहोस् नन कन्सेन्सुअल अर्थात् विना सहमतिका पोनोग्राफी लामो समयदेखि इन्टरनेटमा विद्यमान छ । खासगरी सार्वजनिक व्यक्तित्व अर्थात् चर्चित व्यक्तिहरु यसको सिकार बनिरहेका छन् । यसलाई एआई प्रविधिले झनै मलजल गरिरहेको छ र गोपनीयता विज्ञहरुले यो प्रविधिलाई लिएर प्रश्न उठाइरहेका छन् । किनकि यसको प्रयोगबाट सजिलैसँग डिपफेक भिडियो बनाउन सकिन्छ ।

**यौनस्वास्थ्य**

# यौन चाहना बढी हुनु पनि कुनै रोग हो ?



यौनचाहना हामीलाई प्रकृतिले दिएको एउटा विशेषता हो र सबै स्वास्थ्य व्यक्तिमा यौनचाहना हुन्छ । यो हाम्रो वंश निरन्तरताका लागि पनि आवश्यक छ । यौनसम्बन्धी हाम्रा चासो तथा चाहनाहरू मस्तिष्कबाट सुरु हुन्छन् ।

मस्तिष्कको हाईपोथलामस गक भनिने सानो अङ्गले यौनसम्पर्क राख्ने जस्ता आधारभूत व्यग्रता उत्पन्न गर्छ भने अर्को अङ्ग सिरेब्रल कोर्टेक्सले हामीले सिकेका कुरा तथा अनुभवहरू अभिलेख राख्ने कार्य गर्छ । यौन संवेदनशीलतासम्बन्धी कुराहरू पनि यही भागबाट सञ्चालित हुन्छन् । यौनेच्छालाई प्रभावित तुल्याउने हार्मोनहरूको उत्पादन तथा सञ्चालनमा पनि मस्तिष्कको महत्वपूर्ण भूमिका हुन्छ ।

यी सबै कुराको संयुक्त प्रभावबाटै यौनसम्बन्धी क्रियाकलापहरू निर्देशित हुन्छन् । मोटामोटी रूपमा हेर्दा यौनेच्छाको सञ्चालनमा विभिन्न प्रणालीहरू सक्रिय देखिन्छन् । एकातिर इन्डोक्राइन सिस्टम अन्तर्गतका रागरसहरूले त्यसको सञ्चालनमा महत्वपूर्ण भूमिका खेल्छन् भने अर्कातिर इन्द्रिय प्रणाली अनि मस्तिष्कले ।

यौनेच्छा राम्रोसँग हुनुलाई त सौभाग्य नै मान्नुपर्छ । यौनचाहना पनि सबै व्यक्तिमा एकैनासको हुँदैन । कसैमा बढी हुन्छ त कसैमा कम । कुनै व्यक्तिमा यति नै यौनचाहना हुनुपर्छ भन्ने छैन । हुनुपर्नेभन्दा बढी यौनचाहना भएको स्थितिलाई एक्सिसिभ सेक्सुअल डिजायर भएको भनिन्छ, त्यसका लागि हाईपरएक्टीभ सेक्स वा हाईपरसेक्स युलिटी शब्द प्रयोग गरिन्छ ।

यस्तो स्थिति चिकित्सकीय दृष्टिकोणले ध्यान दिनुपर्ने गरी बढी नै भएको हुनुपर्छ । यद्यपि कति यौनचाहनालाई बढी भन्ने कुरामा अझै पनि विवाद छ । कुनै व्यक्तिले सामान्य मानेको यौन चाहनालाई अर्को व्यक्तिले कम वा बढी मान्न सक्छ ।

यस्तो किन हुन्छ, यकिनका साथ भन्न सजिलो छैन । के कति कारणले कुनै व्यक्तिमा अत्यधिक यौनेच्छा जागृत हुन्छ भन्ने कुराको निक्र्योल गर्न गाह्रो छ । यसका मानसिक तथा शारीरिक दुवै कारण हुन सक्छन् । यसका कमै मात्र शारीरिक कारण भेटिन्छन् ।

विशेष गरेर पुरुष हार्मोन अनि यससँग सम्बन्धित मस्तिष्कको कार्यप्रणालीमा भएको कुनै गडबडी नै यस्ता कुराका कारक हुन्छन् । केही स्थितिमा यस्तो व्यवहार स्नायु प्रणालीसम्बन्धी विकारले पनि उत्पन्न हुनसक्छ । अन्य कतिपय स्थितिमा मनोवैज्ञानिक पक्ष जिम्मेवारी हुन्छन् । विशेष गरेर म्यानिक डिसअर्डर भएका व्यक्तिमा यस्तो अत्यधिक यौनेच्छा वा कामुकता देखिएको छ । कतिपय विशेषज्ञले यौन व्यवहारमा अब्सेसन वा कम्पल्सन हुनुलाई एक किसिमको मनोरोग बताएका छन् ।

यस किसिमको यौन व्यवहार व्यक्तिको मुड वा पर्सनालिटी डिसअर्डर वा अन्य भावनात्मक समस्या सामना गर्ने संयन्त्रको गडबडीका कारण पनि उत्पन्न हुन्छ भनिन्छ ।

कसैको दैनिक सामाजिक जीवन नै बिग्रने वा तनावपूर्ण हुने गरी यौन व्यवहार देखिन थालेको स्थितिमा भने यौनचाहना बढी भएको स्थिति भन्न सकिन्छ । यौनेच्छा शान्त पार्न यौनजोडीलाई नै धोका दिएर अर्को व्यक्तिसँग यौन सम्पर्क राख्ने, देहव्यापार अनि अश्लील सामग्रीमा खर्च गर्ने मात्र होईन, आफ्नो जीविकोपार्जनका लागि संलग्न कार्यमा ध्यान नदिने वा काम छोड्ने व्यवहार प्रदर्शन भए समस्या सिर्जना हुन्छ ।

उत्तेजना बढेपछि यौन क्रियाकलापमा संलग्न नभैनहुने बाध्यात्मक स्थिति अनुभव गर्नु असामान्य रूपमा यौन चाहना बढी अर्थात् अति कामुकताको एउटा महत्वपूर्ण लक्षण हो । यस्तो स्थितिमा आत्मनियन्त्रणका प्रयास सफल हुँदैनन् ।

आफूले चाहेर पनि आफ्नो यौन व्यवहारलाई नियन्त्रण गर्न नसक्ने भए वा यस्तो व्यवहारले परिवार वा साथीसंगतीसँगका सम्बन्धलाई नकारात्मक प्रभाव पार्न थाले वा कार्यालय वा व्यवसायको काम वा दैनिकी नै प्रभावित भए वा जहिले पनि विशेष गरेर आफूले नचाहेको बेलामा पनि यौनसम्बन्धी कुरा मात्र दिमागमा निरन्तर रूपमा आइरहे विशेषज्ञको सहयोगको नलिई नहुने भएछ भनेर बुझ्नुपर्छ ।

पहिलो कुरा त आफूमा असामान्य यौनचाहना छरछैन पक्का गर्नुपर्छ । यदि अत्यधिक यौन चाहना भएकै हो भने उपचारका लागि पहल गर्नुपर्छ । यसको कारण शारीरिक वा मानसिक दुवै हुने भएकाले त्यसको पहिचान गर्नुपर्छ । लज्जा, भय र असजिलोपनका कारणले यस्तो समस्या समाधानका लागि पहल नगर्ने स्थिति हुन सक्छ ।

उपचारका लागि बानी-बेहोरा परिवर्तन गर्ने विधिहरू फाइदाजनक हुन्छन् । त्यसैगरी साइकोथेरापी वा औषधीको प्रयोगबाट यसलाई केही कम गर्न सकिन्छ । केही मनोस्थितिसम्बन्धी खराबीमा औषधी दिन सकिन्छ । हामीलाई थाहै छ टेस्टेस्टेरोन हार्मोन नै यौनेच्छालाई निर्देशित गर्ने प्रमुख तत्व मानिन्छ । कतिपय स्थिति जसमा विशेष गरेर उत्तेजना गर्ने हार्मोन बढी हुनु यसको कारण हुन सक्छ । त्यसलाई रोक्ने किसिमका औषधी खान सकिन्छ ।

**साहित्य**

# बाबा



✍लक्ष्मी महत्तो

*कक्षा १२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट*

कल्पना गरेको कुरा नमागी मैले पाएँ
तिम्रै कारण बाबा म त हासेँ रमाएँ
कस्तो अटुट बाबा तिम्रो र मेरो नाता
नक्षत्रले छरेको उज्यालो झैं तिम्रो साथ

तिम्रो सदाको आसिक छ मेरो माथ
बुनेको सपना साकार पार्न गासेकी छु तै नाथ
रसिलो तिम्रो हरेक शब्दले प्रभाव हुन्छ मलाई
बाबा मरिजान्छु की असाध्यै माया नगर्नु छोरीलाई

पाइला चाले अगाडी तिम्रै औला समाइ
तिम्रो त्यो बाटोमा सधै सधै रमाइ
पाल्यौ तिमीले मलाई अनेकौ कष्ट सहेर
मेरा लागि घाम बतासमा पनि अटल रहेर

कहाँबाट सिक्यौ बाबा पीडाको भार सहन
आशु आँखामा छल्कँदा पनि मुस्कुराइ रहन
के बखान गर्नु तिम्रो त्यागको कथा भनि
गुनासो गर्न जानेनौ आफ्नो इच्छा मिचिँदा पनि

नत तिमीले रात देख्यौ नत देख्यौदिन
त्यागी आफ्नो निन्द्रासमेत हिँड्यौ मेरै खुसी किरुरुन्न
तिम्रो कठोर त्यागले निशब्द बनायो मलाई
सफल भयो जीवन मेरो तिम्रो छोरीहुन पाएँ

# जीवन



✍असिम राई

*कक्षा-९, नवोदय शिशु सदन*

पाइला सार्दा सार्दा जीवन थाकिसक्यो
मोवाइल समाई कविता साइडमा राखिदियो
पैसाका लागि त्यो मोवाइल पनि फ्याकिदियो
पाइला सार्दा सार्दा जीवन थाकिसक्यो

जीवन यस्तै छ कहिले हावा कहिले पानी
जस्तो भएपनि हामीले जिउनु पर्छ यो जिन्दगी
दिन ढल्यो आयो अब रात
हार मान्ने समयमा आयो बुबाको याद

जीवनमा के
अरुले कोसि

✍

ह
पाखाको
सञ्चो-वि

शि
भ
न
हरे

आ

ए
डढेल.

आगो निलेको छु श्वाशमा
र आगै बाहिर फ्याँकेको छु

हरेक पल यस्तै यात्रा गरेको छु
यस्तै यस्तै यात्रा गरेको छु
हेर नपत्याए-
पैतालाभरि नेपालकै धूलो बोकेको छु
नक्शाको देश छाडे हुँला एकैछिनलाई
तर हरबखत मुटुमा देश बोकेको छु।

हास्य कथा

# अज्ञात हाँसो

✍लबिन्द्र कुलुङ

सबै जना पूर्वतिर फर्केर वाइट बोर्डमा ध्यान दिइरहेका थियौ । एउटै बेञ्चको देब्रे साईडमा मेरो बेस्टफ्रेण्ड सितेश कुलुङ । त्यसो भन्ने बित्तिकै म उसको राइट साइडमा नपर्ने कुरै भएन । Accountancy को Amalgamation हिसाब अङग्रेजी अङ्क र अक्षरमा परिणत हुँदै थियो ।

म अलि चञ्चल स्वभावको पशु, झ्यालबाट वसन्त दृष्य देखि लिएर स्त्री प्रजातिहरुको क्याम्पस आवत जावतसम्म हेर्न भ्याउँथे । साथी भने सधैं वाइट बोर्ड प्रेमी, बदलामा म अचम्म मानिदिन्थे । उसका दुई आँखाहरू बिचरा, कठैबरा कदापि देखिदैनथे बरु देथिन्थ्यो यूद्धमा तैनाख सीपाईका चनाखो आँखा जस्तै । चिल्लो अनि चिप्लो पल्टाईराखेको सेतो खाली पाना माथि लम्पसार सुताईराखेको कलम थकित झैं देखिन्थे । हिटलरको जस्तो गुरुको आदेश सिरोपर गर्दै हामी बोर्डमा ध्यान दिइरहेका थियौ । हिसाब सकेर कत्ति खेर सार्नु भनेर हामी भने पर्खिरहेका थियौ (कोही हाई काट्दै, कोही एक आपसमा पेनले घोचाघोच गर्दै)।

हिसाब सकियो, सरको तर्फबाट सार्नु भन्ने आदेश मिले लगत्तै हामी सार्न तर्फ हतारियौ । लम्पसार थकित सितेशको कलम केही कम्पनले होला सायद सलल बग्दै भूईमा खस्यो । उसले केही प्रतिकृया दिएन, चुपचाप सेम पोजमा साबिककै स्थानतिर हेरिरह्यो । लगभग आधा मिनेटको आधा समय बितिसक्दा समेत साथीले हाठ्यार (कलम) टिपेन । हामी भने हतारमा "कोभन्दा को पहिले"को शैलीमा लेखिराथ्यौं ।

अनि म नै बाध्य भएर उसलाई पाखुरामा तीखो कलमको टुप्पोले घोच्दै लेख्न ईशारा गरेन । बदलामा ऊ झसँग भयो अनि अत्तालिन थाल्यो । उसले हेर्छ तर आफ्नो हातियार देख्दैन । ऊ बर्बराउन थाल्यो । अचम्म हुँदै मैले उसको कलम तर्फ इसारा लगाइदिए । उसले आफ्नो कलम टिपेर खुरुखरु लेख्न थाल्यो । कलास सकियो । तर मलाई अरु दिनकोभन्दा त्यो दिनको कलास अलि पृथक लाग्यो र लाग्दै फर्किराथे । साथीलाई कत्तिखेर मेरो कौतुहलता सोधु भनेर मौका हेर्दै थिए । उसलाई पिसाबले च्यापेछ क्यारे ! ग्रुपबाट ब्याग भएर एउटा ढुङ्गामा छेलिदै उसले मुत्र त्याग गर्दै थियो । मैल सोचे यत्ति खेर उसलाई स्वर्गको अनुभूति हुदो हो । मेरो पनि समस्या त्यही थियो अनि उसलाई मैले पनि मूत्र त्याग कार्यक्रममा कम्पनी दिए । प्रसंगमा भने मैले-"ब्रो सच्चा मित्रता सँगैको मूत्र त्यागमा झल्किन्छ रे ।"

दुवै हामी हासियौ । लगत्तै मैले सोधे- "अघि तलाई के भा थियो?, लबमा छस हो?, कि तेत्ति गहिरेरै ध्यान दिइस?"

बडो साईको हुँदै उसले सत्यता मलाई भन्यो तर एउटा सर्तमा । सर्त थियो-मैले त्यो कुरा कसैलाई नभन्नुपर्ने रे अनि सर्तमा मैले नि सहमति जनाए । उसले लजालू पाराले शुरु गर्दै भन्यो - "खासमा मैले न ध्यान दिएको, नत म लब मै छु।"

ऊ फेरि रोक्कियो, सायद उसलाई अठ्यारो लाग्दो हो यत्तिखेर तर मैले मेरो जिज्ञासा पनि त मेटाउनु थियो । त्यसैले भन्नलाई जिद्दी गरे । उसले बाँकी कुरा जोडदै भने - "खा... स... मा खासमा अँ...... खासमा मलाई घोडे निद्रा छ, उठेरै निदाउने निद्रा, आँखा नचिम्लिकनै निदाउने निद्रा ।"

म अच्चम्मित भए, मूत्र त्याग कार्यक्रम समापनपश्चात पनि जिपरै नलाईकन ट्वाँ परिरहेको रहेछु । कौतुहलतामा झन कौतुहलता थिपिए जस्तो, सोध्ने कुरा अँझ बढेको जस्तो तर मुखको ढकन भने खुलाउन सकिन । बुखाच्य जस्तै ठिङ्ङ उभिरहेको रहेछु । सितेशले 'मान्छे आयो, एट्लिस्ट जिपर त लगा' भनेपछि झस्किदै जिपर स्वात्त ताने । फेरि प्रसंगमा उसले थप्यो - "होस गरेस बिस्तारै तान फेरि ख्याल ख्यालमा अपुतो होलास ।"

दुवै जोड जोडले हाँस्यौ अनि एक हातले जिपर मिलाउदै अर्को देब्रे हातहरू एकआपसमा ठोकाउदै चियर्स गर्यौ । अनि हिडाईको क्उभभम प्लस गर्दै अगाडिको ग्रुपमा हाँस्दै हाँस्दै मिसियौ, , अरु साथीहरू भने हामी हाँसेको देखेर लाटाले पापा हेरे झैं देखिन्थे । त्यसरी एक्लै एक्लै हासिरहदा कसै कसैले केके सोचे होलान तर अधिकांशले भने हामीलाई सेल्फिसको संज्ञा दिदो हो । हाँसो जस्तो अमूल्य चिज बाँड्न नपाकोमा भने म अलि दुखित थिए । तर अघिको सर्तले सियो, धागो बनेर मेरो मूख पूर्णरुपमा सिलाइसकेको थियो ।

गजल

# डर पनि यति धेरै

✍होम सुवेदी

डर पनि यति धेरै किन गऱ्या होला
यसै यसै पर पर किन सऱ्या होला ।।

तलाउझैँ शान्त थियो मेरो मन अस्ति
माया गर्ने बहानाले किन हऱ्या होला ।।

तिमी मात्र मायालु हौ भन्थिन् हिजोसम्म
माया पनि चारो जस्तो किन छऱ्या होला ।।

वारीतिरै भेट गर्न बोलाउँछिन् फेरि
भेट्न जाँदा पाारीतिर किन तऱ्या होला ।।

म ता यसै छक्क पर्छु चाला तिम्रो देखी
दैव पनि चाला देखी छक्क पऱ्या होला ।।

**चित्रकला**



दिपशना थापा
कक्षा: १०
जी.एस. निकेतन मा.वि. हेटौंडा

### प्रधानमन्त्रीको एक वर्ष :

# राजनीतिक दाउपेचमा अब्बल, परिणाम शून्य

काठमाडौं/'हङ पार्लियामेन्ट' को लाभ उठाउँदै एक वर्ष अगाडि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' मुलुकको प्रधानमन्त्री बनेका थिए । संघीय संसद्मा ३२ सिट भए पनि प्रचण्ड प्रधानमन्त्री बन्दा राजनीतिक समीकरण उनकै पक्षमा थियो ।

२६ पुस २०७९ मा लगभग सिंगो हाउसले प्रधानमन्त्रीमा प्रचण्डलाई विश्वासको मत दिनुले उनको पक्षमा राजनीतिक-संसदीय सहजता रहेको पुष्टि हुन्छ । प्रचण्डलाई त्यस दिन नेमकिपा र जनमोर्चा बाहेकका २६८ सांसदले विश्वासको मत दिएका थिए ।

तर सिंगो हाउसको मत सधैं पाइरहन सम्भव थिएन । प्रचण्डले नेपाली कांग्रेस वा नेकपा एमालेमध्ये एउटा कित्ताको गठबन्धन रोज्नुपर्ने थियो । प्रचण्डले कांग्रेस गठबन्धन रोजे ।

कांग्रेस गठबन्धनमा लाग्दा पनि प्रचण्ड राजनीतिक रूपले सुरक्षित थिए । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा १० पुसमा बनेको गठबन्धन तोडेर आएको, सहमति जुटाउन आफ्नो कार्यकाल छोट्याउन समेत तयार भएकाले सत्ता गठबन्धनका नेताहरू प्रचण्डप्रति कृतज्ञ थिए । गठबन्धनमा कांग्रेस सबभन्दा ठूलो दल भए पनि प्रचण्ड गठबन्धनको सेन्टरमा थिए ।

कार्यकाल दुई वर्ष हुने किटान गरेका प्रचण्डलाई कतिबेला सरकार जान्छ भनेर चिन्ता मान्नुपर्ने अवस्था थिएन ।

बाह्य परिस्थिति पनि प्रचण्डको अनुकूल थियो । दक्षिणको छिमेकी भारत दाहिना थियो भने उत्तरी छिमेकी चीन पनि धेरै पर पुग्न चाहिरहेको थिएन । विश्वशक्ति अमेरिका र युरोपियन दाताहरू सहज नै थिए ।

कतै अप्ठ्यारो थियो भने अर्थतन्त्रमा थियो । मुलुककै इतिहासमा पहिलो पटक आयातमै प्रतिबन्ध लगाएर विदेशी मुद्रा सञ्चितिलाई ठिक ठाउँमा राख्नुपर्ने अवस्था आएको थियो भने अर्थतन्त्रका अरू सूचकांक पनि सकारात्मक थिएनन् ।

अर्थ-राजनीतिक विश्लेषक हरि रोकाका अनुसार, अर्थतन्त्र पुनर्संरचना नगरी नहुने अवस्थामा थियो । त्यसैले प्रधानमन्त्री प्रचण्ड र उनको टिमले सरकारको नेतृत्व गर्दै गर्दा अर्थतन्त्र यस्तो दुर्दान्त अवस्था छ भन्ने बुझेर संरचनागत परिवर्तन कसरी गर्न सकिन्छ भनेर काम गर्नुपर्ने थियो ।

ठूला राजनीतिक मुद्दा/विवाद नभएकाले प्रधानमन्त्री प्रचण्डसामु आफ्नो राजनीतिक पूँजीको बलमा अर्थतन्त्र सुधार गर्ने अवसर थियो । 'तर प्रचण्ड र उनको टिम त्यतातिर लाग्दै लागेन' अर्थ-राजनीतिक विश्लेषक रोका भन्छन्, 'नयाँ शिराबाट काम गर्छु भनेर हावादारी कुरा गरेका रहेछन् । प्रचण्डसँग भिजन नै रहेनछ ।'

**कमजोर क्याबिनेट**

सत्तारुढ दलकै नेताहरूका अनुसार प्रधानमन्त्री प्रचण्ड, क्याबिनेट गठनमै चुकेका थिए । खासगरीह अर्थ, परराष्ट्र, कानुन लगायत मन्त्रालयको नेतृत्वसँग सरकारको प्रभावकारिता जोडिएको हुन्छ । यस्ता मन्त्रालयमा कसलाई पठाउँदा प्रभावकारी परिणाम आउन सक्छ भनेर मन्त्री खोजी हुनुपर्ने थियो ।

एक पूर्वमन्त्रीको अनुभवमा राजनीतिक करिअर भएका नेताहरू मन्त्री हुँदा अघोषित प्रतिस्पर्धा हुन्छ । त्यसले सरकारको काम पनि देखिन्थ्यो । तर माओवादी होस् वा अरू दल, सबैमा कसले पालो पाएको छैनन् वा कसको पालो भनेर मन्त्री छनोट भयो । यसमा कांग्रेसले पनि सहयोग नगर्दा अर्थ र परराष्ट्र मन्त्री प्रधानमन्त्रीले चाहे जस्तो नपाएको नेताहरूको बुझाइ छ ।

गठबन्धनको ठूलो दल कांग्रेसले अर्थ, परराष्ट्र, शहरी विकास जस्ता मन्त्रालय लिएको थियो । अर्थ मन्त्रालय कुनै हालतमा छोड्न नमानेको कांग्रेसले डा. प्रकाशशरण महतलाई मन्त्री बनायो, जोसँग प्रचण्ड सन्तुष्ट छैनन् । त्यसमाथि परराष्ट्रमन्त्री एनपी (नारायणप्रसाद) साउद आफैं पनि त्यो मन्त्रालयमा जान चाहेका थिएनन् ।

साउद कुनै हालतमा मन्त्री बन्न चाहन्थे, तर परराष्ट्र लिन्न



भनेर बसेका थिए । डा.शेखर कोइराला, गगन थापा, डा. शशांक कोइरालाले परराष्ट्रमन्त्री बन्न मानेनन् । त्यसपछि अंग्रेजी बोल्न जान्ने मन्त्रीको खोजीमा साउदलाई परराष्ट्रमन्त्री बनाइएको थियो ।

माओवादीबाट मन्त्री भएका शक्ति बस्नेत, रेखा शर्मा, सुदन किराती, महिन्द्र राय यादवको पर्फर्मेन्स नै देखिएन । सत्ता गठबन्धनका अरू दलबाट पनि अधिकांश पालोमा मन्त्री भएका हुन् । यसले मन्त्रालयको काम प्रभावकारी भएन ।

प्रचण्ड सरकारका मन्त्री भएका एक नेताको अनुभवमा प्रचण्ड काम गर्ने मन्त्रीलाई हस्तक्षेप गर्दैनन् । 'प्रचण्ड यस्तो कम्फर्टेबल प्राइममिनिस्टर हुन् कि मन्त्रीहरूले खोजेको भन्दा बढ्ता ठाउँ दिन्थे । जुन केपी ओली र शेरबहादुर देउवासँग अपेक्षा गर्न सकिन्न' ती पूर्वमन्त्री भन्छन्, 'तर यो पटक क्याबिनेट नै यस्तो बन्यो कि उनको त्यो खुबीको प्रयोग नै भएन ।'

माओवादी केन्द्रका एक पदाधिकारी पनि एक दर्जन मन्त्री सक्रिय भएको भए सरकारको पर्फर्मेन्स निकै फरक पर्ने बताउँछन् । तर पालो पुर्‍याउने नाममा कमजोर मन्त्रिपरिषद् बनेको उनको भनाइ छ । उनी भन्छन्, 'नतिजा देखाउने र सम्मान गर्ने फरक कुरा हो । परीक्षा दिन गएपछि लेख्नैपर्छ, यतिकै नम्बर थपिदिऊँ भन्ने हुन्छ र !'

**सल्लाहकार टीम : मान्छे छन्, मान्छे छैनन्**

पूर्वमन्त्री रघुजी पन्त प्रधानमन्त्रीको निर्णायक टीम क्याबिनेट नै भएको बताउँछन् । माधवकुमार नेपाल प्रधानमन्त्री हुँदा प्रमुख राजनीतिक सल्लाहकार रहेका पन्तका अनुसार, सरकार सफल बनाउने अर्को फ्याक्टर सल्लाहकार टीम हो, जहाँ आवश्यक परेको बेला प्रधानमन्त्रीसँग मत बझाउन सक्ने, योजना दिने अनुभवी प्रशासक र राजनीतिज्ञ हुनुपर्छ ।

सल्लाहकार टीमले अप्रत्यक्ष रूपमा मन्त्रीहरूको कामकारबाहीको निगरानी राख्छ, प्रधानमन्त्रीको भिजन कार्यान्वयन भए-नभएको हेर्छ । यदि त्यसमा कुनै हस्तक्षेप गर्नुपर्ने भए प्रधानमन्त्रीलाई सल्लाह दिन्छ ।

प्रधानमन्त्री प्रचण्डले त्यो सोचका सल्लाहकारको टिम नै बनाएनन् । अपवाद बाहेक अधिकांश निकै जुनियर छाने । एक प्रकारले भन्ने हो भने स्वकीय सचिव सरहका मानिस राखे, जो पहिलेबाटै प्रचण्डको सचिवालयमा जोडिएका थिए । 'प्रधानमन्त्रीको सचिवालयमा म्यानेजरियल र विज्ञहरू दुवै हुनुपर्छ' माओवादी केन्द्रका एक नेता भन्छन्, 'अहिलेको सचिवालय अलिअलि म्यानेजरियल त हुन खोजेको छ, तर त्यहाँ विज्ञ देखिन्न ।'

प्रमुख राजनीतिक सल्लाहकार हरिबोल गजुरेल अनुभवी र सिनियर नेता हुन् । तर, आमचुनावमा टिकट नदिएपछि असन्तुष्ट पार्टी उपमहासचिव गजुरेललाई व्यवस्थापन गर्ने उद्देश्यले ल्याइएकाले उनले राजनीतिक सल्लाहकारको भूमिका निर्वाह गर्न नसकेको माओवादीकै नेताहरू बताउँछन् ।

एमाले नेता, पूर्वमन्त्री पन्त अझै पनि प्रचण्डलाई अवसर रहेको बताउँछन् । 'लीलामणि पौडेललाई राख्नुस्, रामेश्वर खनाललाई राख्नुस्, जसको छवि, इमानदारी प्रश्न छैन' उनले भने, 'अलिअलि सहयोग डा.बाबुराम भट्टराईको लिन सक्नुहुन्छ । तर त्यो सहयोग लिएको देखिन्नँ ।'

**शासकीय क्षमतामै अभाव ?**

कांग्रेस सहितका दलसँग तालमेल गरेर ३२ सिट जितेको माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड १० पुसमा एमालेसँग गठबन्धन गर्न पुगेका थिए । तत्कालीन प्रधानमन्त्री देउवाले फेरि पनि सरकारको नेतृत्व नछोड्ने चाहना राखेपछि जसरी पनि प्रधानमन्त्री बन्न प्रचण्डले एमालेसँग गठबन्धन गरेका थिए । नभन्दै, पुस १० गते बिहानसम्म कांग्रेससँग वार्तामा रहेका प्रचण्ड दिउँसो एमाले सहितको समर्थनमा प्रधानमन्त्री बने ।

२६ पुसमा विश्वासको मत लिंदा कांग्रेसको समेत समर्थन जुटाएका उनी विस्तारै उतै ढल्किए । राष्ट्रपति निर्वाचनका क्रममा एमाले गठबन्धनलाई छाडेर कांग्रेससँग मिले र चुनावी गठबन्धन ब्युँतियो ।

२७५ सदस्यीय संसद्मा ३२ सिट भएर पनि गठबन्धन फेरी-फेरी सरकारको नेतृत्व गर्न सक्नु, गठबन्धनमा आफ्नो प्रभुत्व कायम राख्न सक्नुले राजनीतिक खेलमा प्रचण्ड अब्बल छन् भन्ने स्पष्ट हुन्छ । यसरी तेस्रो पटक प्रधानमन्त्री भएका उनका लागि राज्य सञ्चालनमा अब्बल साबित गर्ने अवसर थियो ।

२०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा अप्रत्याशित सफलता पाएपछि २०६५ भदौमा पहिलो पटक प्रधानमन्त्री बनेका प्रचण्डले आफ्नै कारण सरकार गुमाउन पुगेका थिए । तत्कालीन प्रधान सेनापतिलाई हटाउने निर्णय कार्यान्वयन गर्न राष्ट्रपतिले रोकेपछि प्रचण्डले पदबाट राजीनामा दिएका थिए ।

फेरि २०७३ साउनमा प्रचण्ड दोस्रो पटक प्रधानमन्त्री भए । त्यसबेला पनि म्याद तोकेर छोटो अवधिका लागि प्रधानमन्त्री भएका थिए भने मधेशकेन्द्रित दलहरूलाई चुनावमा सहभागी गराउनुपर्ने राजनीतिक मुद्दा पेचिलो थियो । त्यसैले त्यो कार्यकालमा प्रचण्डको शासकीय क्षमता परीक्षण हुनै पाएन ।

यो पटकको अवसर उनको परीक्षा समेत थियो, जुन उनी आफैंले समेत स्वीकार गरेका थिए । २६ पुस २०७९ मा विश्वासको मत लिने क्रममा उनले भनेका थिए, 'पहिलो कार्यकालमा न अनुभव थियो, न टीम । विभाजित मनोदशा र पार्टीभित्रकै संघर्षमा म बढी रुमल्लिएँ । दोस्रो कार्यकालमा संविधान संशोधनको प्रयास गर्दै मधेशलाई विश्वासमा लिने कोशिश गरें । यो पटक आफ्नो कार्यकाललाई ठूलो परीक्षाको रूपमा लिएको छु ।'

प्रधानमन्त्री बनेलगत्तै प्रचण्डलाई भेटेका केही नेताहरूका अनुसार, यसपटक उनीमा एक खालको हुटहुटी देखिन्थ्यो । तर विस्तारै त्यो हुटहुटी उनीभित्रै हराउन थाल्यो । किनकि के गर्ने भन्ने प्रचण्डसँग योजना नै थिएन । त्यसैले फरक गर्छु भन्दाभन्दै सरुवा-बढुवा र उद्घाटनहरूमा दिन बिताउन थाले । यसैमा रमाउन थाले ।

अहिले सरकारको वर्ष दिन पुग्दै गर्दा प्रधानमन्त्री पदको निरन्तरता भन्दा अरू देखाउन र भन्न मिल्ने उल्लेख्य काम केही छैन ।

माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेल भने ५/७ वर्ष यताका सरकारमध्ये तुलनात्मक रूपले सक्रिय सरकार अहिलेको भएको दाबी गर्छन् । सुशासन र भ्रष्टाचारमा सरकारले राम्रो काम गरेको दाबी गर्दै उनले भने, 'जनअपेक्षा त कोही पनि इमानदार छैन, सबै नेतालाई समाते हुन्थ्यो भन्ने छ । तर उजुरी हुनुपर्‍यो, अभियोग लगाउन पनि पुलिससँग आधार हुनुपर्‍यो, प्रमाण पुग्नुपर्‍यो । आधार भएका, प्रमाणित हुन खोजेका विषयलाई खोजीनिती गर्ने सवालमा सरकारले काम गरेको छ ।'

तर माओवादी सचिव पौडेलको दाबीसँग स्वयं सत्तारुढ कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा पूर्ण रूपमा सहमत छैनन् । नागरिकको विश्वास आर्जन गर्न नै सरकार चुकेको भन्दै उनले भने, 'भ्रष्टाचारको फाइल खोलेर प्रशंसा पायो, तर त्यही कारबाही प्रक्रियामा शंकास्पद चित्रहरू जनताले अनुभूत गरे ।'

प्रमुख प्रतिपक्षीको टिप्पणी त प्रधानमन्त्रीको टीमलाई हेरेर नै सुशासनको विश्वास गर्न सकिन्न भन्ने छ । 'प्रधानमन्त्रीले भ्रष्टाचार नियन्त्रण गर्छन्, राम्रो काम गर्छन् भनेर विश्वास गर्न त उहाँको टीमलाई हेरेर गर्ने हो नि ! त्यो टीम भनेको उहाँको सल्लाहकारहरूको टीम र मन्त्रीहरू हो' एमाले स्थायी कमिटी सदस्य पन्त भन्छन्, 'दुवैमा प्रधानमन्त्रीले त्यो प्रत्याभूति दिन नै सक्नुभएको छैन ।'

उनी अहिले विकास निर्माणका कामहरू ठप्प जस्तै रहेको बताउँछन् । 'विगतमा ठेकेदारहरूले काम गरेन भन्ने गरिएको थियो, यो पटक सरकारले भुक्तानी दिन नसकेर ठेकेदारहरू आन्दोलनमा छन्', नेता पन्त भन्छन् ।

व्यवस्थापिकालाई आवश्यक बिजनेश दिन नसकेको टिप्पणी समेत सरकारले खण्डन गर्न सक्ने अवस्थामा देखिन्न । जबकि संविधान कार्यान्वयनका क्रममा शिक्षा, निजामती सेवा लगायत ४० भन्दा बढी कानुन बनाउनुपर्ने सूचीमा छन् । यो सरकारले पहिलो वर्ष संविधान कार्यान्वयन र गभर्नेन्स सुधारको सन्दर्भमा चाहिने कानुनहरू मात्रै बनाएको भए पनि उपलब्धि मान्न सकिन्थ्यो ।

तर नीति कार्यक्रम तथा बजेट बाहेक मिटर ब्याज सम्बन्धी कानुन पास भएको छ । 'शून्य समयमा बोलियो होला, बाझाबाझ गर्दा सदन सक्रिय भए जस्तो पनि देखियो होला' माओवादीका एक सांसद भन्छन्, 'परिणाम त देखिएन । भटाभट कानुन मात्र बनाउन सकेको भए प्रणालीप्रति आलोचना कम हुन्थ्यो ।'

संघीय सरकारकै कारण प्रदेश र स्थानीय सरकारको कामकारबाही समेत नराम्ररी प्रभावित भएको छ । सातै प्रदेश सरकार निष्प्रभावी जस्तै भएका छन् । संघीय संसद्ले चार वर्षअघि कानुन बनाएको प्रहरी समायोजन समेत अघि बढ्न सकेन ।

हुँदाहुँदा तत्काल प्रहरी समायोजन गरिदिन माग गर्दै प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरू नेताहरूको घरदैलो गर्दै हिंडेका छन् । संघीय सरकारले प्रमुख प्रशासकीय अधिकृत सरुवालाई व्यवस्थित गर्न नसकेकै कारण ७५३ मध्ये आधाभन्दा बढी स्थानीय सरकार हैरान छन् ।

राजनीतिक विश्लेषक रोका सरकारले एक वर्षमा गरेको भन्ने केही नभएको बताउँछन् । प्रचण्ड सरकारमा आउनुभन्दा अगाडि र आएपछि के परिवर्तन भयो हेर्नुपर्ने भन्दै उनले प्रश्न गरे, 'सार्वजनिक शिक्षाको स्तर बढ्यो ? हत्या, बलात्कार जस्ता घटनामा कमी आयो ? दुई तिहाइ बढी श्रम गर्ने जनशक्ति आबद्ध भएको कृषिमा बढोत्तरी भयो ? मानिसहरूले रोजगारी पाए ?'

भ्रष्टाचारको फाइल खोले पनि निष्कर्षमा पुर्‍याउन नसकेको, राजधानीमै अधिकांश सटर बन्द भएको, मानिसहरू टिक्न-खप्न नसक्ने अवस्था पुगेको र राज्यको कोषमा आउने कर तथा राजस्वमा कमी आएको उनी बताउँछन् । 'उहाँको कार्यकालमा कहीं राम्रो भएको मैले त देखिनँ', रोका भन्छन् । सत्ता गठबन्धनका एक नेताका अनुसार सबैलाई मिलाउने, काम गर्न चाहने मन्त्रीहरूलाई वातावरण बनाइदिने प्रचण्डको राजनीतिक खुबी थियो, जुन प्रयोग नै भएन ।

राजनीतिक विश्लेषक विष्णु सापकोटा पनि प्रधानमन्त्रीका रूपमा कटेको हरेक दिन प्रचण्डका लागि उपलब्धि भए पनि देशका लागि चाहिं मौका गुमेको बताउँछन् । 'उहाँले आफू प्रधानमन्त्री हुनुलाई नै यति ठूलो प्राप्ति ठान्नुभयो कि केका लागि प्रधानमन्त्री हुने भन्ने नै भएन', उनले भने ।

माओवादी नेताहरू प्रचण्डसँग शासकीय क्षमता नै नभएको मान्न तयार छैनन्, तर सरकारले जति काम गर्नुपर्ने थियो, त्यति गर्न नसकेको भने स्वीकार्छन् । माओवादी सचिव पौडेल, सरकारको नीति तथा कार्यक्रम र बजेटमा जनताको दिनचर्यामा प्रभाव पार्ने कार्यक्रमहरू ल्याउनुपर्ने बताउँछन् । उनले अघि भने, '१६औं योजना बन्ने बेला देख्ने गरी काम गर्नुपर्छ । त्यो अवसर अझै छ ।'

**"हामीकहाँ कामहरू फिल्मी स्टाइलमा होस् भन्ने अपेक्षा छ"**
*-देवेन्द्र पौडेल, माओवादी सचिव*

विगतका सरकारहरू कस्ता थिए ? के भएको थियो ? यो सरकार कस्तो पोजिसनमा बन्यो र के गर्दैछ भन्ने आधारमा सरकारको समीक्षा गर्ने हो । यसरी हेर्दा ५/७ वर्षमा भएका मध्ये अहिले सक्रिय सरकार भएको रूपमा बुझ्छु । अलिअलि आर्थिक संकट भएको हो वा देखाइएको हो, त्यसलाई सहज गर्न नसक्नु कमजोरी रह्यो ।

यद्यपि आजभोलि सकारात्मक संकेतहरू देखिएका छन् । बजारमा पैसाको अभाव रहेको, व्यवसायीहरू आत्तिएको, श्रम गर्न जान मात्रै होइन, मध्यम वर्ग पनि पलायन भएको देखिन्छ । यसलाई सम्बोधन गर्न प्रधानमन्त्रीले निरन्तर छलफल गरेको देखिन्छ ।

विकास निर्माणका कामहरू पनि हिजो ठेकेदारले गरेन भन्ने थियो, आज उनीहरूले गरेको कामको पनि पैसा पाइएन भन्ने छ । यसलाई सन्तुलनमा ल्याउन प्रयत्न भएको देख्छु । तर प्रधानमन्त्री, अर्थ मन्त्रालय र राष्ट्र बैंक बीचमा कतै न कतै ग्याप भएको देख्छु ।

सुशासनको सवालमा जनअपेक्षा सबै नेतालाई समाते हुन्थ्यो भन्ने छ । कोही पनि इमानदार छैन भन्ने छ । तर उजुरी हुनुपर्‍यो, अभियोग लगाउन पनि पुलिससँग आधार हुनुपर्‍यो, प्रमाण पुग्नु पर्‍यो । आधार भएका, प्रमाणित हुन खोजेका विषयलाई खोजीनिती गर्ने सवालमा सरकारले काम गरेको छ ।

जस्तो कि मिटरब्याज पीडितलाई न्याय दिन पहल गर्नु, भूकम्प प्रभावित क्षेत्रमा प्रधानमन्त्री आफैं जानु र उद्धार तथा राहतलाई प्रभावकारी बनाउनु देखन सकिने काम हुन् । यसरी विपद् र असजिलोमा जनतालाई आश्वस्त बनाउन सरकारको तदारुकता देखिन्छ ।

हामीकहाँ कामहरू फिल्मी स्टाइलमा होस् भन्ने अपेक्षा छ, तर हाम्रो कानुनले दिंदैन । कानुन फेर्न संसद्मा लैजानुपर्छ, पास गर्न सहमति चाहिन्छ । नियमावली र कार्यविधिहरू सरकारले संशोधन गर्न सक्छ, तत्-तत् निकायसँग बसेर सम्भव भएसम्म त्यस्ता काम गरेर सरकारले डेलिभरी दिनुपर्छ ।

तर पनि लगातार काम होस् भन्ने प्रधानमन्त्रीको चाहना छ, यसलाई सकारात्मक रूपमा लिनुपर्छ । तर निर्देशनले मात्र पुग्दैन । हरेक कानुनको नियमावली र निर्देशिका हुन्छ, त्यो नफेरिकन कर्मचारीतन्त्रले काम गर्दैन । नियमावली फेर्न क्याबिनेटमा लगेर निर्णय गर्ने काममा पनि ध्यान पुर्‍याउनुपर्ने देखिन्छ ।

नकारात्मक चित्रका रूपमा मानिसहरू विदेश गए, सरकारले केही गर्न सकेन भन्ने पनि छ । यसका दुई पक्ष छन् । हिजो कुनै जमाना थियो, हातमुखकै समस्या भएर भारत जाने । त्यो चरणबाट सिफ्ट भएर अहिले मध्यपूर्व र युरोप जाने चलन आएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# एक महिनापछि हलमा फर्किए नेपाली फिल्म

काठमाडौं/गत कात्तिक २४ गतेदेखि प्रदर्शन भएको फिल्म 'दिमाग खराब'पछि हलमा नेपाली फिल्मको उपस्थिति शून्य थियो । ठूला बलिउड फिल्मका कारण एक महिनादेखि नयाँ नेपाली फिल्म प्रदर्शनमा आउन सकेका थिएनन् । शुक्रबारबाट भने दुई नेपाली फिल्म 'दुई कदम' र 'जम्प' एकसाथ प्रदर्शनमा आएका छन् । दुवै फरक विषयमा बनेका फिल्म हुन् । र, यसका लक्षित वर्ग पनि फरक छन् ।




सामाजिक प्रेमकथामा आधारित भएर बनेको 'दुई कदम'लाई उदय सुब्बाले निर्देशन गरेका हुन् । यो फिल्मबाट अभिनेतामा इओन लिम्बु र अभिनेत्रीमा सिमोन गिरीले डेब्यू गरेका छन् । सुनिल थापा, कविता आले, सुरवीर पन्डित, प्रेम सुब्बा, गौरव पहारी, बुद्धि तामाङ, अर्जुन गुरुङ, विमला लिम्बु, जिवन लिम्बु, चन्दा दाहाल, प्रितिका शर्मालगायतको पनि फिल्ममा मुख्य भूमिका रहेको छ ।

अजम्बरी फिल्मस्को ब्यानरमा तारा देवी लिम्बुको निर्माण रहेको फिल्ममा दयाराम घिमिरेको कथा तथा पटकथा लेखन छ । विक्रम डिसीको छायांकन रहेको फिल्ममा आशिष अविरल, ताराप्रकाश लिम्बु तथा विकास चौधरीको संगीत, डिपी खनालको गीत लेखन, कविराज गहतराज र रामजी लामिछानेको गीतमा कोरियोग्राफी, राजु किराँतीको द्वन्द्व निर्देशन तथा प्रविन ढकालको सम्पादन छ ।

यसैगरी, साइकोलोजी-थ्रिलर जनरामा बनेको 'जम्प'मा आशुतोष ध्वज कार्कीको लेखन तथा निर्देशन छ । विनिता थापामगर, सरोज श्रेष्ठ, सन्देश शाक्य, मन्जिल जिसी, सगुन तामाङ, रोशनी स्याङ्बो, शंकर महर्जन लगायतको अभिनय रहेको फिल्मको कार्यकारी निर्माता इशा खड्का हुन् । राष्ट्रिय धावक रहेका एक पात्रले अलौकिक शक्ति प्राप्त गरेपछि उत्पन्न परिस्थितिमा फिल्म केन्द्रित छ ।

# उपेन्द्र सुब्बाको 'मनसरा'मा दयाहाङ र मिरुना, बैशाख २१ मा रिलिज

काठमाडौं/यस वर्षको ब्लकबस्टर फिल्म 'जारी' फेम्ड निर्देशक उपेन्द्र सुब्बाको दोस्रो फिल्म 'मनसरा'को आगामी वर्षको बैशाख २१ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको छ । निर्माण कम्पनी कबड्डी फिल्मस्ले शुक्रबार एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो । फिल्ममा 'जारी' जोडी दयाहाङ राई र मिरुना मगर मुख्य भूमिकामा छन् । पोस्टरमा मिरुनालाई चित्रण गरिएको छ ।

फिल्ममा दयाहाङ र मिरुनासँगै प्रविण खतिवडा, मेनुका प्रधान र हेमन्त बुढाथोकीको पनि अभिनय रहेको छ । निर्देशक सुब्बाकै लेखन रहेको फिल्मका निर्माता शैलेन्द्र ध्वज कार्की हुन् । उनी फिल्मका छायाँकर समेत हुन् । सिजन दाहाल कार्यकारी निर्माता रहेको फिल्ममा विष्ण कुमार लिम्बु, मनोरथ पोखरेल, पर्शु अधिकारी, पिटर गुरुङ र जीवन लिम्बु थाक्लुङ




सह-निर्मातामा छन् ।

निमेष श्रेष्ठको सम्पादन रहेको फिल्मलाई एप्पल इन्टरटेन्मेन्टले देशभर वितरण गर्नेछ । निर्देशक सुब्बाले 'मनसरा'को औपचारिक घोषणा समेत गरेका थिएनन् । उनले गुपचुप रुपमै फिल्मको केही प्रतिशत छायांकन पूरा गरिसकेको जनाइएको छ । 'जारी'बाट निर्देशनमा राम्रो सम्भावना देखाएका सुब्बाले 'मनसरा'लाई ग्रामीण परिवेश र जीवनशैलीमा तयार गरेको पोस्टरबाट बुझ्न सकिन्छ ।

# प्रदीपले खेल्ने 'एक्टर'मा सौगात र स्वस्तिमाको सम्भावना







काठमाडौं/नेपाली कलाकारहरु एकआपसमा मिलेर काम गर्दैनन् भन्ने चर्चा भैरहेको समयमा अहिले केही फिल्ममा स्थापित कलाकारहरुबीच सहकार्यको प्रयास भैरहेको छ । फिल्म 'पूजार सार्की'मा तीन स्टारहरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहले पहिलोपटक एकसाथ काम गर्दैछन् । अब प्रदीपको अर्को फिल्म 'एक्टर'मा पनि नाम चलेकै कलाकारबीच सहकार्यको सम्भावना देखिएको छ ।

फिल्ममा प्रदीपको जोडी अभिनेत्री स्वस्तिमा खड्कासँग बाँध्ने प्रयास भैरहेको छ । अहिले स्वस्तिमा अष्ट्रेलियामा रहेकाले कुराकानी अगाडि बढ्न पाएको छैन । निर्माण टिमको पहिलो रोजाईमा उनी छिन् । उनी नेपाल फिरेपछि फिल्म अफर गर्ने तयारी गरिएको छ । स्वस्तिमाका श्रीमान् तथा निर्देशक निश्चल बस्नेतलाई पनि एउटा महत्त्वपूर्ण भूमिकामा लिने प्रयास भइरहेको स्रोतको दाबी छ ।

अभिनेता सौगात मल्लको पनि फिल्ममा अभिनय रहने सम्भावना छ । उनीसँग निर्देशक राजन भुषालसँग भद्र सहमति भइसकेको स्रोतले जानकारी दिएको छ । कागजी सम्झौता भने एउटा कुराले अड्किएको छ । सौगातलाई अर्को वर्षसम्म समय मिलाउन निकै सकस छ । उनको पाइपलाइनमा एक दर्जनभन्दा बढी फिल्म छन् । सेड्युल मिल्न सकेको अवस्थामा उनी 'एक्टर'मा जोडिनेछन् ।

फिल्मको केमियो भूमिकामा समेत स्थापित कलाकारलाई लिने तयारीमा निर्माण टिम छ । अर्धृत फिल्मसको ब्यानरमा थमन कुमार भण्डारीको निर्माण रहने फिल्मको अर्को वर्ष छायांकन हुनेछ । र, २०२५ मा प्रदर्शन लक्ष्य राखिएको छ । यो फिल्मभन्दा अगाडि प्रदीपले निर्देशक दिनेश राउतको फिल्म 'पूजार सार्की' तथा हिन्दीसहित नेपाली भाषामा बन्न लागेको फिल्म 'ऐरी'मा काम गर्नेछन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ५५ जना विद्यार्थीलाई स्काउट पोशाक वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिका-१ वडा कार्यालयले स्काउटका विद्यार्थीलाई स्काउट पोशाक वितरण गरेको छ ।

वडास्थित सूर्य माध्यमिक विद्यालयका सूर्य स्काउट ट्रुपका विद्यार्थीलाई पोशाक वितरण गरिएको हो । विद्यालयमा संचालित स्काउट ट्रुपका विद्यार्थी तथा शिक्षकलाई हौसला प्रदान गर्न प्रोत्साहनस्वरुप पोशाक वितरण गरिएको वडाअध्यक्ष यहुन्ना राईले जानकारी दिए । बागमती गाउँपालिकाको आ.व. २०८०/८१ को शिक्षातर्फको वार्षिक स्वीकृत बजेट अन्तर्गत शिक्षाका विविध कार्यक्रम शीर्षकबाट पोशाक खरिद गरी वितरण गरेको वडाअध्यक्ष राईले बताए । सूर्य माविको प्राङ्गणमा औपचारिक कार्यक्रम गर्दै वडा कार्यालयले पोशाक वितरण गरेको हो । सूर्य स्काउट ट्रुपका ५५ जना विद्यार्थीलाई एक/एक सेट पोशाक वितरण गरिएको हो ।



बालबालिकामा सानै उमेरबाट सामाजिक भावनाको विकास गरी असल, अनुशाशित, नैतिकवान एवम् जिम्मेवार नागरिक तयार गर्न कार्यक्रमले सयोग पुऱ्याउने सूर्य स्काउट ट्रुपका स्काउट शिक्षक एवम् स्काउट सदस्य वृद्धि संयोजक राजकुमार राईले बताए । कलिला बालबालिकालाई विभिन्न खालका जीवनउपयोगी सीप सिकाउँदै भावी समयमा आइपर्ने विपदमा आफू सुरक्षित हुँदै अरुलाई समेत सहयोग गर्न सक्ने स्वयम्सेवक उत्पादनमा यस्ता खालका कार्यक्रमले सहयोग पुऱ्याउने स्काउट शिक्षक राईले बताए । वडा कार्यालयबाट वितरण गरेको स्काउट पोशाकका कारण ट्रुपका विद्यार्थीमा स्काउटप्रति थप प्रेरित हुनेमा शिक्षक राईको विश्वास छ ।

विद्यालयका प्रधानाध्यापक दिलबहादुर भोलनको सभाध्यक्ष तथा वडाअध्यक्ष राईको प्रमुख आतिथ्यता रहेको कार्यक्रमा गाउँपालिका शिक्षा शाखाका प्रमोदकुमार राई, वडासदस्य हस्तबहादुर थिङ, विव्यस अध्यक्ष डोर बहादुर थापा, सदस्य यज्ञबहादुर श्रेष्ठ, शिअसंघ अध्यक्ष अनिल राई, विद्यालयका पूर्व प्रधानाध्यापक वीरबहादुर राई, सूर्यबहादुर राई, रत्नबहादुर राई, इ.डी.व. कार्यालयका प्रमुख नरेश महतो, पूर्वशिक्षक भुवनप्रसाद राईलागायत विद्यालयका शिक्षक तथा विद्यार्थीको सहभागिता रहेको थियो ।

# भूमिहीन तथा अव्यवस्थित बसोबास व्यवस्थापन गर्न समिति

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ मकवानपुरको मकवानपुरगढी गाउँपालिका-४ ले वडाभित्र रहेको भूमिहीन तथा अव्यवस्थित बसोबास व्यवस्थापन गर्नको लागि सहजिकरण समिति गठन गरेको छ ।

वडा कार्यालयमा भएको सरोकारवालाको भेलाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ अनुसार वडास्तरको सहजिकरण समिति गठन गरिएको हो । कार्यविधि अनुसार स्थानीय तहको प्रमुख वा अध्यक्ष संयोजक रहेको सहजिकरण समिति गठन गर्नुपर्ने प्रावधान छ । यसैअनुसार वडास्तरमा समिति गठन गरिएको हो । वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिनाको अध्यक्षतामा समिति गठन गरिएको हो । समितिको सदस्यहरुमा सानुकान्छा मोक्तान, संगीता परियार, सुमित्रा लामिछाने रहेका छन् ।



यसैगरी राजनीति दलको तर्फबाट नेपाली कांग्रेसका श्यामबहादुर पाखिन, नेकपा एमालेबाट केदारनाथ सापकोटा, नेकपा माओवादी केन्द्रबाट हेमबहादुर योन्जन, राप्रपा नेपालबाट हस्तबहादुर लोप्चन, रास्वपा स्वतन्त्रबाट श्यामसिं ठकुरी रहेका छन् । यसैगरी दलित सदस्यको रुपमा काजीमान विक, किसान प्रतिनिधिको रुपमा जानुकासिं ठकुरी, संघसंस्था प्रतिनिधिको रुपमा टुकप्रसाद हुमागाई र समितिको सदस्य सचिवको रुपमा वडासचिव सरस्वती चालिसे रहेका छन् ।

वडा कार्यालयले केही समयअघि लक्षित वर्गको निवेदन संकलन गरेकोमा ३ दर्जन निवेदन वडामा प्राप्त भएको वडाअध्यक्ष तिमल्सिनाले बताए । सहजिकरण समितिले वडामा देखिएको समस्याबारे भूमि आयोगसँग छलफल गरेर समस्यालाई सहजिकरण गर्नेछ ।

# तातोपानीमा परेर बालिका घाइते

हेटौंडा, २९ मंसिर/ मकवानपुरमा तातोपानीमा परेर एक बालिका घाइते भएकी छन् । घाइते हुनेमा भीमफेदी गाउँपालिका-२ भदौरे बस्ने बिमला प्रजाकी ४ बर्षीया छोरी अञ्जली प्रजा रहेकी छन् ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार मंगलबार आफ्नै घरमा खेल्ने क्रममा बाखाको लागि तताएर राखेको तातोपानीमा परेर बालिका घाइते भएकी हुन् । तातोपानीले उनको पेटको भागदेखि तल घुँडासम्मको भाग पोलेको प्रहरीले जनाएको छ ।

घाइते बालिकाको स्थानीय प्राथमिक स्वाथ्यचौकीमा उपचार गराइएको थियो । बिरामीको अबस्था जटिल हुँदै गएपछि थप उपचारको लागि हेटौंडा अस्पतालमा ल्याइएको छ । उनको अवस्था अझै गम्भीर रहेको बताइएको छ ।

# जिल्ला लिगमा बकैया र पञ्चशील छनोट

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिताका लागि बकैया युबा क्लब र पञ्चशील युवा क्लब छनोट भएको छ । हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशाला जारी मकवानपुर जिल्ला लिग छनोट फुटबल प्रतियोगिताको फाइनलमा स्थान बनाउँदै छनोट भएका हुन् ।

छनोट प्रतियोगिताको पहिलो सेमिफाइनल खेलमा पञ्चशील युवा क्बलले जनहित युबा क्लबलाई ३-० गोल अन्तरले हराउँदै फाइनलमा स्थान बनाएको हो । खेलमा पञ्चशील युवा क्लबका रोनिम मोक्तान, सुमन लोप्चन र राजन गोलेले १-१ गोल गरेका थिए । त्यस्तै प्रतियोगिताको दोस्रो सेमिफाइनलमा बकैया युबा क्लबले जनप्रवाह क्लबलाई १०-० गोलको फराकिलो अन्तरले हराउँदै फाइनलमा स्थान बनाएको हो ।

बकैयाको जितमा सुरेन्द्र राईले ३ गोल, जेओङ लामा र सुजन गुरुङले समान २ गोल गर्दा अभिषेक ब्लोन, निशान गोले र आयुष नेगीले समान एक गोल गरेका थिए । जिल्ला फुटलब संघ मकवानपुरले छनोट प्रतियोगिताको फाइनलमा पुग्ने दुई टोली जिल्ला लिगमा छनोट हुने र जिल्ला लिगको पुछारमा हुने दुई वटा क्लव रेलिगेसनमा पर्ने जनाएको थियो ।

अब बकैया र पञ्चशीलले आगमी चैतमा हुने मकवानपुर जिल्ला लिग खेल्न पाउँनेछन् । यी दुई टोलीबीचको फाइनल खेल शनिबार दिउँसो २ बजे हुनेछ । छनोटका लागि जिल्लाबाट कुल १२ टिमले सहभागिता जनाएका थिए । प्रतियोगिताको विजेता तथा उपविजेत क्लबले शिल्ड, मेडल, प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यस्तै विधागत उत्कृष्ट हुने र म्यान अफ द म्याच हुने खेलाडीलाई पुरस्कृत गरिने आयोजकले जनाएको छ ।

# बसपार्कबाट गाँजासहित एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ हेटौंडास्थित बसपार्कबाट प्रहरीले १० किलो लागूऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ ।

शनिबार दिउँसो बसपार्कमा खटिएको प्रहरी टोलीले बाराको जीतपुरसिमरा उपमहानगर पालिका-१७ का २२ वर्षीय श्रवणकुमार साहलाई संदिग्ध अवस्थामा चेकजाँच गर्दा उनको साथबाट लागूऔषध गाँजा फेला परेपछि पक्राउ गरिएको हो ।

उनको साथबाट १० किलो गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ । त्यस्तै थप अनुसन्धानका लागि पक्राउ परेका साहलाई जिल्ला प्रहरी कार्यालयमा ल्याइएको छ ।

# 'जलवायु परिवर्तन रोक्न वातावरणमैत्री व्यवहार जरुरी'

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ जिल्ला समन्वय समिति मकवानपुर प्रमुख ललित घलानले नकारात्मक रुपमा बढेको जलवायु परिवर्तन नियन्त्रण गर्न वातावरणमैत्री व्यवहार गर्नुपर्ने बताएका छन् ।



जलवायु परिवर्तनले सबैपक्षमा समस्या भएकोले नेतृत्वलाई दोष दिनुभन्दा सबैले आआफ्नो तहबाट वातावरणमैत्री कार्य गर्नुपर्ने बताइएको हो । आगामी भविष्यको लागि दीर्घकालीन सोचाइ राखेर बिषादिको प्रयोग कम गर्दै प्रकृतिमैत्री कृषिकर्म गर्न उनले आग्रह गरे । जलवायु परिवर्तनसम्बन्धी नीतिगत सवाल मुद्दा चुनौती र आगामी संभावनाबारे हेटौंडामा आयोजित अन्तरसंवादमा उनले यस्तो बताएका हुन् । पर्यावरणलाई असर पुग्ने काम रोक्दै, कस्मेटिक उत्पादनमा ध्यान कम गर्नुपर्ने उनले बताए ।

स्थानीय तहले बजेट बनाउँदा, नीति तथा कार्यक्रम बनाउँदा गैसससँग समन्वय गर्नुपर्ने उनको धारणा थियो । जिल्ला समन्वय समितिले आगामी दिनमा नीतिगत योजनाहरु बनाउँदा आफ्नो तर्फबाट समन्वय र पहलमा ध्यान दिने उनले बताए । कार्यक्रममा मनहरी गाउँपालिका-३ का अध्यक्ष तथा सामाजिक विकास समिति संयोजक अनन्तप्रकाश अर्यालले किसानलाई क्षतिको व्यवस्थापन गर्ने योजनाले बजेटको व्यवस्थापन गरिएको, सुधारिएको चुल्हो, बृक्षरोपण जस्ता कार्यक्रम राखिएको बताए ।

कार्यक्रममा अभियन्ता निर्मल चेवाङले कार्यपत्र प्रस्तुत गरेका थिए । बाली लगाउँदा, पशुपालन गर्दा पनि जलवायु परिवर्तनबारे सोच्नुपर्ने, पृथ्वीको तापक्रममा उतारचढावले मानवीय जीवनशैलीमा चुनौती थपेकोले यसले बित्तीय र प्राबिधिक क्षमताको रुपमा पनि प्रभाव पार्ने उनले कार्यपत्रमा प्रस्तुत गरेका थिए । वार्षिक योजना तर्जुमा यसबारे संबेदनशीलता आवश्यक भएको उनले बताए ।

सामाजिकरुपमा पछाडि परेको समुदायलाई झन् समस्या भएको भन्दै उनीहरुको जीवनस्तर उकास्न पनि यो चुनौतीबारे ध्यान दिनुपर्ने बताए । 'परम्परागत कृषिको सम्भावना घट्यो, भौगोलिक जोखिम बढ्यो, स्थानीय सरकारले के गर्ने अब ? नीतिगत अभ्यास के भए, मुलप्रवाहमा के कस्ता नीति कार्यान्वयन भए वा भएनन् ? समुदायको अनुकूलन कसरी बढाउने, स्थानीय सरकार सञ्चालन ऐनले के भन्छ ? पन्चबर्षीय योजनाले के भनेको छ ? स्थानीय अनुकुलन कार्ययोजना २०७६ ले के व्यवस्था गरेको छ ? जस्ता सवालमा ध्यान दिनुपर्ने उनले बताए ।

कार्यक्रममा हिमराइट्स मकवानपुर कार्यक्रम संयोजक कुमारी वाइबाले यो विषय मानवअधिकारको सवाल भएको बताइन् । सेलर्डका अधिवक्ता जगन्नाथ सुबेदीले माटो बचाउको सवाललाई विशेष ध्यान दिनुपर्ने बताए । यसैगरी माइती नेपाल मकवानपुर प्रमुख माया लामा, सामाजिक अभियन्ता दीपेन्द्र पाठक, मनहरी गाउँपालिका सामाजिक विकास शाखाप्रमुख ज्ञानेन्द्र ढकालले जलवायु परिवर्तनबारे सवाल उठाएका थिए ।

कार्यक्रममा मकवानपुर मनहरी-३ कि किसान सुशीला उपाध्यायले जनवायु परिवर्तनको कारण बाली उत्पादनमा समस्या भोगेको बताइन् । 'धान, मकै फलेन र कागती लगाएँ तर, कागती पनि फलेन' उनले भनिनन् । यसैगरी हेटौंडा १० को वडाअध्यक्ष तथा हेउमनपा वन तथा वातावरण समिति संयोजक फुर्वादोर्जे लामाले जलवायु परिवर्तनको जिम्मेवारी नेतृत्व वा जनप्रतिनिधिलाई मात्रै थोपर्न नहुने, स्थानीय क्षेत्रका सबैले आत्मासात गर्नुपर्ने बताए ।

## विकासानन्द फाउन्डेसन विश्व परिवार

हेटौंडा शाखा

### २०८० मंसिर ९ गते हेटौंडामा भएको कार्यक्रमको आम्दानी/खर्च विवरण

| | खर्च | रकम (रू.) | | आम्दानी | | रकम (रू.) |
|---|---|---|---|---|---|---|
| १ | विज्ञापन तथा प्रचारप्रसार | ४,५०० | १ | टिकट बिक्रीबाट (११४७ थान) | | ५,७७,५०० |
| २ | अतिथि सत्कार (गुरुवर तथा टिम) | ५०,००० | २ | सहयोग तर्फ | | १,६६,१०० |
| ३ | प्लेन भाडा (पोखरा भरतपुर पोखरा) | ६७,७७४ | | क) हे.उ.म.न.पा. | ७५,००० | |
| ४ | माला खरिद | ९,२३० | | ख) सविता लामिछाने | ५,००० | |
| ५ | जुस खरिद | १,००० | | ग) रामजी कोइराला | ५,००० | |
| ६ | नेवा:पुच बाजा खर्च | १०,००० | | घ) मन्जु शर्मा | ५,००० | |
| ७ | माइक तथा प्रोजेक्टर खर्च | ५८,००० | | ङ) मेहर मगर | ३,००० | |
| ८ | टिम टेलिभिजन | ६०,००० | | च) चितवन समूह | २,००० | |
| ९ | आमाघर मनहरी | ५,००० | | छ) सिता आचार्य | ५,००० | |
| १० | चितवन समूह | ३,००० | | ज) श्रवण घिमिरे | १,१०० | |
| ११ | होटल खर्च सामना | २२,००० | | झ) ग्लोबल आइएमइ बैंक | १५,००० | |
| १२ | होटल खर्च हेटौंडा रिसोर्ट | २५,७०० | | ञ) कृष्ण शर्मा | ५०,००० | |
| १३ | पिफम खरिद | १७,००० | | | | |
| १४ | मायाको चिनो तथा ब्यानर | १४,८०० | | | | |
| १५ | पम्पलेट तथा टिकट छपाई खर्च | ३०,००० | | | | |
| १६ | रोयल पार्टी प्यालेस खर्च | १,८०,००० | | | | |
| १७ | भोजन तथा आवास (अतिथितर्फ) | १३,५०० | | | | |
| | जम्मा खर्च | ५,७१,५०४ | | | | |
| १८ | नगद बाँकी | १,६८,०९६ | | | | |
| | कुल जम्मा | ७,३९,६०० | | कुल जम्मा | | ७,३९,६०० |

भरत भण्डारी
सदस्य

शुशिला रायमाझी
सदस्य

राजेन्द्र श्रेष्ठ
सदस्य

हिरालाल श्रेष्ठ
अध्यक्ष

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३